रानीवारी सामुदायिक वन
पोर्पा अजिमा रानी देवी

# रानीबारी सामुदायिक बन

# एक परिचय

## सामूदायिक वनको ऐतिहासिक पृष्ठभुमिः

काठमाडौंको मुटुमा अवस्थित रानीबारी बन का.म.पा. वडा न. ३ मा पर्दछ । यस जङ्गलको बीचमा अवस्थित देवीको मन्दिर नेवारी समाजमा पोरपा अजिमा को नामले प्रख्यात छ भने बाँकी समुदायमा रानीदेवी को नामले चिनिन्छ । यिनै देवीको नामबाटै यस जङ्गलको नाम रानीबारी बन रहन गएको हो भने यस बनको नामबाट यस टोलको नाम रानीवारी रहेको हो । यो रानीबारी एक पौराणिक, धार्मिक, सामाजिक तथा ऐतिहासिक महत्व बोकेको पवित्र स्थल हो । लिच्छबी राजा गुणकामदेबको राज्यकाल कलिगत संबत ३८२५ (आजभन्दा करिब १३०० बर्ष अगाडी) मा काठमाण्डौ उपत्यकाको उत्तरी क्षेत्रमा अनेकौ उपद्रब र बिबिध रोग ब्याधिको प्रकोपले धन जनको नाश हुन थालेपछि यसको रोकथाम एबं यसबाट बच्नको लागी तान्त्रिकहरुलाई देखाउँदा काठमाण्डौ नगर रक्षार्थ स्थापित अष्ट मातृका पिठ मध्ये टुँडिखेलको दक्षिण-पूर्व कुनामा रहेकी लुँमडी अजिमा भद्रकाली को प्रतिकृति प्रत्येक १ कोषमा स्थापना गराउँदै लानु पर्ने सुझाब दिए बमोजिम प्रत्येक १ कोषमा स्थापना गर्ने क्रममा जमल नाचघर-१, लाजिम्पाट रनीबारी-१, बाँसबारी चुनदेबी-१, नलिङ् भद्रकाली-१, चपली भद्रकाली-१ को स्थापना गरिएको थियो । रानीबारीमा स्थापित मन्दिरमा स्थापना पश्चात स्थानिय बासिन्दा लगायत भक्तजनहरुले धर्म र आस्थाको प्रतिक मानि रानीदेबी माताको पुजाआजा गरि अफनो परम्परालाई जिबन्तता दिदै आइरहेको र आफनो कुल पुजा, देबाली, बार्षिक क्षमा पुजा, लगायत धर्म, कर्म र कर्मकाण्डहरु मन्दिरमा गरिदै आइरहेको अध्याबदि छदैछे । यहाँ केही नेवारी तथा शाहवंशीय वंशजहरुको इष्टदेवी (दिवाली, कुलदेबी) को पूजा आराधना गर्ने गरिन्छ ।

बि.सं १६४२ तिर कान्तिपुरका राजा शिबसिंह मल्लकी रानी गङ्गाले बुढानिलकण्ठको नजीकमा ठूलो बगैचा स्थापना गरेकी थिईन र सोही बगैचाको हालको स्वरुप रानीबारी बन हो भनेर केही लेखहरुमा उल्लेख गरेको पाइन्छ । मल्लकालमा राजाहरुले उपभोग गरिआएको यो बन शाह कालमा शाह राजाहरुले उपभोग गरि आएका र पछी मात्र सरकारी बन प्रशासन अन्तर्गत ल्याइएको भन्ने बुझिन्छ । काठमाण्डौंको मुटुमा अवस्थित रानीबारी बन का.म.न.पा. वडा नं. ३ मा पर्दछ । यस सा.व.मा. बिभिन्न प्रजातिका रुखहरु रहेका छन्, जुन स्थानिय बाहेक विदेशबाट ल्याई राणाकालिन समयमा समेत वृक्षारोपण गरिएको

अनुमान गर्न सकिन्छ । तर यस वनमा रहेको केही प्रजातिका रुखहरुको उमेर यति नै भनी अनुमान लगाउन नसक्ने अवस्थामा छ ।

यो सामुदायिक बनले ६.९५ हेक्टर क्षेत्रफलमा हरियाली छायर बसेको छ । यसको पूर्वतर्फ महानगरिय शसश्त्र प्रहरी गण नं २, नेपाल प्रहरी कुकुर तालिम स्कुल र अशरा सुधार केन्द्र, पश्चिममा काठमाडौं उपत्यका सडक बिस्तार आयोजना अन्तर्गत निर्माणा गरिएको सडक, घरबस्ती, उत्तरमा नेपाल प्रहरी कुकुर तालिम स्कुल, दक्षिणमा सामाखुशी जाने पक्की सडक रहेको छ ।

करिब ४ दशक अगाडी सम्म यो बनलाई चारैतिरबाट पाको ईटाको पर्खालले घेरिएको थियो । बनभित्र एउटा पाले घर पनि थियो । साथै त्यसताका स्थानीय बासीहरुमा यस बनबाट दाउरा, पातपतिङ्गर वा कुनै पनि वस्तुहरु घर लिएर जानु हुन्न र लग्यो भने पाप लाग्छ भन्ने भनाई थियो । यी कारणहरुले गर्दा त्यस समयमा यो बन सुरक्षित र अति नै रमणीय हुनुको साथै यो बनमा, स्याल, वनबिरालो, सिम कुखुरा विभिन्न किसिमका पुतलीहरु लगायत विभिन्न चराचुरुङ्गीहरुको सुरक्षित वासस्थान थियो । केही चराचुरुङ्गी विशेषज्ञ/प्रेमीहरु वर्ड वाचिङ्गको (Bird watching) साथै पुतली संकलनको लागि यहा आउने गर्दथे ।

पछी आएर पर्खालहरु जतासुकै भत्किनुको साथै पालेघर समेत भत्किन गई उचित संरक्षणको अभाबमा बनको अवस्था अस्तव्यस्त हुन गएको थियो । यो बन पूर्वजहरुले नासोको रुपमा छाडेको धरोहर हुँदा यसको संरक्षण तथा संवर्द्धन गरि भावी सन्ततिको लागि बचाएर राख्नुका साथै यसलाई सही ढंगले प्रयोगमा ल्याउनु सबैको परम् कर्तव्य हो भन्ने आभास स्थानिय बासीहरुमा हुन आएको हुँदा उनीहरुको अथक प्रयास बाट २०५७/९/१० मा जिल्ला वन कार्यालय, काठमाण्डौँबाट सामुदायिक बन स्वरुप हस्तान्तरण भई सम्बन्धित उपभोक्ता समूहले सक्रिय भई सा.ब.को संरक्षण र बिकास गरी आएको छ

## सामुदायिक बनको वस्तुस्थितिः

नेपाल भौगोलिक र प्राकृतिक सौन्दर्यमा धनी राष्ट्र हो । विश्वको सर्वोच्च शिखर रहेको यो देशको प्रमुख उद्योग मध्ये पर्यटन पनि एक हो । नेपालको राजधानी काठमाडौं घना वस्तीको कारण दिनप्रतिदिन फोहोर मैला, धूलो, धुँवा जस्ता प्रदुषणको चपेटामा परिरहेको छ । वातावरण प्रदुषणमा यो शहर संसारभरिकै अति प्रदुषित सहर मध्यका एक बन्न पुगको छ । प्रदुषण रहित वातावरणको लागि सरकारले विभिन्न कार्यकमहरु सन्चालन

गर्दै आएके छ जसमध्य बन क्षेत्र को संरक्षण एक हो ।  काठमाण्डौं उपत्यकाकै एक मुख्य प्राकृतिक धरोहरको रुपमा रहेको यस रानीबारी बनको उचित संरक्षण र व्यवस्थापन गरी समूहको साथै स्थानिय जन समुदायको वृहत्तर हितमा टेवा पुऱ्याउने उद्देश्यले यस रानीबारी वन उपभोक्ता समूह गठन गरिएको हो ।

यस रानीबारी सामुदायिक बन काठमाडौ महानगरपालिकाको उत्तर पच्छिम कुनामा अबस्थित रहेको छ र यस सामुदायिक बन लाई चारै तर्फ घना बस्तिले घेरेको छ । यस बनको क्षत्रफल ६.९५ हेक्टर रहेको छ, र यस बनमा बिद्यमान बनस्पती मूख्य रुपमा मिश्रित खालको रहेको छ । काठमाडौ उपत्यकामा पाइने रैथाने जातहरु चिलाउने, हाडेबयर, मयल, कालिकाठ, खोटे सल्लो केही संख्यामा रहे पनि युकिलिप्टस, ज्याकारण्डा, काइयो, महारुख आदी जातका बिरुवाहरु पनि रहेका छन । केही बर्ष अगि गरिएको बनस्पती सर्बेक्षणमा ६३ जातका रुख, २० जातका बुटयन, ४० जातका झारपात जडि/बुटी, ८ जातका लहरा र ५ जातका बाँस यस सामुदायिक बनमा रहेको उल्लेख गरिएको छ । यस बाहेक निउरो, च्याउ जातका बिरुवहरु पनि रहेका छन जसको सर्बेक्षण गर्न बाकिनै छ । यस बनमा हाल करिब ५० थरिका रैथाने चराहरु रहेका छन भने आगन्तुक चराहरु उनिहरुको मौसमी यात्राक्रममा देखा पर्दछन । करिब ५ दशक अगाडि सम्म यस बनमा सिमकुखुरा, लोखरके, बनबिरालो आदी पाइनथ्यो भने हाल केही स्याल, न्याउरीमूसा, मूसा मात्र रहेका छन । बिभिन्न थरिका पुतलीहरु पनि यहा उपयुक्त समयमा अबलोकन गर्न सकिन्छ ।

## सामुदायिक वनको बयबस्थापन

यस रानीबारी सामुदायिक वनको उचित संरक्षण, सम्वर्धन सदुपयोग र दिर्घकालिन व्यवस्थापनको लागी संमबन्धित वन कार्यालयको सहयोगमा आबधिक कार्ययोजना तयार पारि तदअनुरुप कार्यहरु गरी आएको छ । हाल सामुदायिक वन कार्य योजना २०७६/७७ देखी  २०८०/८१ स्विकृत भई लागु गरिएको छ ।

आबधिक कार्ययोजना बाहेक अन्य अतिरिक्त कार्यक्रमहरु पनि सन्चालनमा रहेका छन, मुख्यत नेपाल पंछी संरक्षण संघ सङ्गको सहकार्यमा संन्चालित जैबिक बिबिधता संरक्षण सिकाई केन्द्र र प्रकृनी संरक्षण तथा अध्ययन केन्द्र सङ्गको सहकार्यमा बनमा आउन सक्ने पर्याबरण संम्बन्धी अध्ययन / अनुसन्धान का कार्यक्रमहरु रहेका छन ।

सामुदायिक बनमा हाल सम्म गरिएका कामहरु

- बगैचा निर्माण (प्रबेषद्वार क्षेत्रमा)
- पच्छिम सिमानामा बार बन्देज
- मन्दीर जाने बाटोमा ब्लक छापेको
- मन्दीर परिसरमा ढुङ्गा बिछाएको
- प्रबेष द्वार आगाडि को सिढी र मन्दिर आगाडि को सिढीहरु को मर्मत सुधार
- बिहानी पख हिडडुल गर्न एक कि.मी पद पथ निर्माण
- भूमिगत जलासयको पुनर्भरण कार्य
- बायोडाइभर्सिटी संरक्षण सिकाई केन्द्र को स्थापना तथा अध्यापन कार्यक्रम
- बन क्षेत्रमा हुनसक्ने पर्याबरण संम्बन्धी अध्ययन / अनुसन्धान
- बहुबर्षिय बिरुवा उत्पादनको लागि बन नर्सरीको स्थापना तथा सन्चालन
- झारपात तथा पात पतिङ्गर बाट प्रङ्गाणिक मल उत्पादन केन्द्र को स्थापना
- बिभिन्न अनुसन्धानात्मक प्रतिबेदनहरु